स्थानीय तहको स्रोत

स्थानीय तहका कार्य संपादन गर्न स्रोत परिचालन संबन्धी व्यवस्था नेपालको संविधान बमोजिम स्थानीय तह संचालन ऐन २०७४ ले गरेको छ। यस ऐनले स्थानीय तहलाई आफ्नो अधिकार क्षेत्रको विषयमा कर तथा गैर कर लगाउने स्वतन्त्रा दिएको छ। त्यस्तै स्थानीय तहले संघ र प्रदेश सरकारबाट राजस्वको बाँडफाँडबाट पनि रकम प्राप्त गर्ने छ। जस अनुसार मूल्य अभिबृद्धि कर र अन्तःशुल्क तथा प्राकृतिक स्रोत बापत संकलीत रकमको निश्चित प्रतिशत प्राप्त गर्नेछ। त्यस्तै संघीय सरकारबाट स्थानीय तहले विभिन्न प्रकारका अनुदान पाउने व्यवस्था ऐनमा गरिएको छ।

आन्तरिक ऋण (नेपाल सरकारको सहमतिमा वा नेपाल सरकारबाट), वैदेशिक सहायता (नेपाल सरकारको अनुमतिमा) तथा चन्दा सहयोग स्थानीय तहले लिन सक्ने व्यवस्था छ।

१. **स्थानीय तहले आफूले विभिन्न प्रकारका शीर्षकमा कर लगाउन सक्ने देखिन्छ। स्थानीय सरकारले लगाउन सक्ने कर तथा गैर कर देहायबमोजिम रहेको छ :**

- कर : सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन कर, सवारी साधन कर, भूमि (मालपोत) मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर तथा स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानुन तथा अन्य प्रचलित कानुनबमोजिम लगाइने कर।
- गैर कर : सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना तथा स्थानीय तहको अधिकार क्षेत्रको विषयमा स्थानीय कानुन तथा अन्य प्रचलित कानुनबमोजिम लगाइने कर।

२. **स्थानीय सरकारले संघ र प्रदेश सरकारबाट राजस्वको बाँडफाँडबाट पनि रकम प्राप्त गर्न सक्ने देखिन्छ।**

- प्राकृतिक स्रोत

यस अन्तर्गत पर्वतारोहण, विद्युत, बन, खानी तथा खनिज र पानी तथा अन्य प्राकृतिक स्रोतको रोयल्टी बाँडफाँड संघलाई ५० प्रतिशत, प्रदेशलाई २५ प्रतिशत र स्थानीय तहलाई २५ प्रतिशतको दरले हुनेछ।

- मूल्य अभिबृद्धि कर र अन्तःशुल्क

  नेपाल सरकार, प्रदेश र स्थानीय तहबीच मूल्य अभिबृद्धि कर र आन्तरिक उत्पादनबाट उठेको अन्तःशुल्क रकम बाँडफाँड गर्न नेपाल सरकारले खडा गरेको संघीय विभाज्य कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ। कोषमा जम्मा भएको रकममध्ये ७० प्रतिशत नेपाल सरकारलाई, १५ प्रतिशत प्रदेशलाई र १५ प्रतिशत स्थानीय तहलाई बाँडफाँड गरिनेछ।

३. **स्थानीय तहले संघ तथा प्रदेश सरकारबाट देहायका अनुदान पाउन सक्ने देखिन्छ :**

- वित्तइि समानीकरण अनुदान : नेपाल सरकारले प्रदेश र स्थानीय तहको खर्चको आवश्यकता एवम् राजस्वको क्षमताको आधारमा आयोगको सिफारिशका आधारमा प्रदेश र स्थानीय तहलाई वित्तइि समानीकरण अनुदान वितरण गर्नेछ। प्रदेशले नेपाल सरकारबाट प्राप्त अनुदान र आफ्नो राजस्वलाई प्रदेशभरमा स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा प्रदेश कानुनबमोजिम आयोगको सिफारिशमा वित्तीय समानीकरण अनुदान वितरण गर्नेछ।
- सर्शत अनुदान : नेपाल सरकारले प्रदेश वा स्थानीय तह वा नेपाल सरकारको कुनै योजना कार्यान्वयन गर्न संविधानको धारा २५१ को उपधारा १ को खण्डबमोजिम आयोगले तोकेको आधारबमोजिम प्रदेश तथा स्थानीय तहलाई सर्शत अनुदान प्रदान गर्नेछ। नेपाल सरकारले यस्तो अनुदान प्रदान गर्दा सरकारले आवश्यक शर्त तोक्नेछ र सम्बन्धित प्रदेश र स्थानीय तहले त्यस्तो शर्त पालना गर्नुपर्नेछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम आयोगले तोकेको आधारबमोजिम सर्शत अनुदान प्रदान गर्नेछ।

कर
सम्पत्ति कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, भूमि (मालपोत) मनोरञ्जन कर, विज्ञापन कर, व्यवसाय कर

गैर कर
सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवाना

मूल्य अभिवृद्धि कर तथा अन्तशुल्क
कुल मूल्य अभिवृद्धि कर तथा अन्तशुल्कको १५ प्रतिशत

प्राकृतिक स्रोतको रोयल्टी
कुल प्राकृतिक स्रोतको रोयल्टीको २५ प्रतिशत

आन्तरिक ऋण
आन्तरिक ऋण (नेपाल सरकारको सहमतिमा
वा नेपाल सरकारबाट)

वैदेशिक सहयोग
वैदेशिक सहायता (नेपाल सरकारको अनुमतिमा)

चन्दा सहयोग
लिन सक्ने

- समपूरक अनुदान : नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई पूर्वाधार विकाससम्बन्धी कुनै योजना कार्यान्वयन गर्न समपूरक अनुदान गर्न सक्नेछ। समपूरक अनुदानका आधारमा योजनाको सम्भाव्यता, योजनाको लागत, योजनाबाट प्राप्त हुने प्रतिफल वा लाभ, योजना कार्यान्वयन गर्न सक्ने वित्तइि तथा भौतिक क्षमता वा जनशक्ति तथा योजनाको आवश्यकता र प्राथमिकता हुनेछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम समपूरक अनुदान प्रदान गर्न सक्नेछ।
- विशेष अनुदान : नेपाल सरकारले शिक्षा, स्वास्थ्य वा खानेपानी जस्ता आधारभूत सेवाको विकास र आपूर्ति गर्ने, वा अन्तर प्रदेश वा अन्तर स्थानीय तहको सन्तुलित विकास गर्ने, वा आर्थिक सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेको वर्ग वा समुदायको उत्थान वा विकास गर्ने उद्देश्य राखी प्रदेश तथा स्थानीय तहबाट सञ्चालन गरिने कुनै खास योजनका लागि विशेष अनुदान प्रदान गर्न सक्नेछ। प्रदेशले स्थानीय तहलाई प्रदेश कानुनबमोजिम विशेष अनुदान प्रदान गर्न सक्नेछ।

४. **वैदेशिक सहायता वा ऋण**

वैदेशिक सहायता वा ऋण लिने अधिकार नेपाल सरकारलाइ मात्र रहेको छ। नेपाल सरकारले प्रदेश तथा स्थानीय तहबाट कार्यान्वयन हुने योजना तथा कार्यक्रमका लागि वैदेशिक अनुदान तथा सहयोग लिन सक्नेछ। प्रदेश तथा स्थानीय तहले नेपाल सरकारको पूर्व स्वीकृति बिना कुनै पनि किसिमको वैदेशिक सहयोग लिन वा वैदेशिक सहयोगमा कुनै पनि कार्यक्रम कार्यान्वयन गर्न वा गराउन सक्ने छैनन्।

शिक्षा, स्वास्थ्य, मानव विकास, भौतिक पूर्वाधारको निर्माण, मर्मत, जिर्णोद्धार लगायतका प्राथमिकताका क्षेत्र निर्धारण गरी वैदेशिक सहायता स्वीकार्न सक्ने आधार तय गरिएको छ।

५. **आन्तरिक ऋण:**

नेपाल सरकार, प्रदेश तथा स्थानीय तहले आयोगले सिफारिश गरेको सिमाभित्र रही आन्तरिक ऋण लिन सक्नेछ। तर प्रदेश तथा स्थानीय तहले आन्तरिक ऋण लिनु अघि नेपाल सरकारको सहमति लिनुपर्नेछ। नेपाल सरकारले प्रदेश र स्थानीय तहलाई ऋण दिन सक्नेछ।

संघीय संरचनामा शिक्षा

अधिकार र दायित्वसम्बन्धी नीतिगत व्यवस्था

actionaid NEPAL
Norad
EDUCATIONAL Project

स्थानीय तहको शिक्षा अधिकार र दायित्वसम्बन्धी नीतिगत व्यवस्था

देशमा आएको राजनीतिक परिवर्तन संगै राज्य सञ्चालन पद्धति र शासकीय संरचना पनि परिवर्तन भएको छ। संघीय संरचना अनुरुप मुलुकमा अहिले सात प्रदेश तथा ७ सय ५३ स्थानीय निकायहरू कायम भएका छन्। नेपालको राज्यशक्ति एवम् अधिकारको प्रयोग संविधान र संघीय कानुन, प्रदेश कानुन तथा गाँउसभा वा नगरसभाले बनाएको कानुनबमोजिम गर्ने व्यवस्था छ।

संविधानतः आधारभूत तहसम्मको निःशुल्क र अनिवार्य शिक्षा तथा माध्यमिक तहसम्मको निःशुल्क शिक्षालाई नैसर्गिक अधिकारका रूपमा सुनिश्चित गरिएको छ। संविधान प्रदत शिक्षा अधिकार कार्यान्वयन गर्ने स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐनलगायतका कानुनले मार्ग प्रसस्त गरेको छ। यी कानुनले राज्यका हरेक तहको अधिकार र जिम्मेवारी, स्रोत व्यवस्थापन (सङ्कलन, बाँडफाँड तथा खर्च) लगायतका बारेमा प्रष्ट गरेको छ।

स्थानीय तहमा प्रत्यायोजन भएको शिक्षाका अधिकारलाई कार्यान्वयन गर्न स्थानीय तहलाई आफ्ना लागि आफैँ कानुन बनाउने अधिकार समेत दिइएको छ। साथै नमुना शिक्षा नियमावली तयार गरी हरेक स्थानीय तहलाई उपलब्ध गराइएको छ। अब स्थानीय निकायले संघ र प्रदेश समेतको सहयोगमा आफ्नो क्षेत्रका सार्वजनीक शिक्षालाई सबल बनाउदै दलित, आर्थीकरुपमा विपन्न तथा लोपोन्मुख समुदाय, छात्रा तथा सम्पूर्ण बालबालीकाको गुणस्तरीय शिक्षाको सुनिश्चि गर्नु पर्दछ।

शिक्षा मौलिक हक

नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा सुनिश्चित गरेको छ। जसअनुसार हरेक नागरीकले शिक्षा प्राप्तिका निम्न अधिकार राख्दछन् :

- आधारभूत शिक्षामा पहुँचको हक
- आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक
- अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क उच्च शिक्षा प्राप्त गर्ने हक
- दृष्टिविहीन नागरिकलाई ब्रेलिलिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक

- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक।

यसै गरि,

- महिलाको हकअन्तर्गत पनि महिलालाई शिक्षामा सकरात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुने
- बालबालिकाको हकअन्तर्गत पनि प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षाको हक हुने
- दलितको हकअन्तर्गत दलित विद्यार्थीलाई प्राथमिकदेखि उच्च शिक्षासम्म कानुनबमोजिम छात्रवृत्तिसहित निःशुल्क शिक्षा साथै प्राविधिक र व्यावसायिक उच्च शिक्षामा दलितका लागि कानुनबमोजिम विशेष व्यवस्था गरिने
- सामाजिक न्यायको हकअन्तर्गत आर्थिकरूपले विपन्न तथा लोपोन्मुख समुदायका नागरिकको शिक्षामा विशेष अवसर तथा लाभ प्राप्त गर्ने हक हुने व्यवस्था संविधामै गरिएको छ।

अधिकार र कार्यक्षेत्र

नेपालको संविधानबमोजिम आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रभित्र समावेश छ। तर संघीय सरकारले बनाउने ऐन कानुन प्रदेश तथा स्थानीय तहका लागि कानुनी मार्गदर्शन बन्नेछ।

संरचनागत अधिकार

संघको अधिकार : केन्द्रीय विश्वविद्यालय, केन्द्रीयस्तरका प्रतिष्ठान, विश्वविद्यालय मापदण्ड र नियमन, केन्द्रीय पुस्तकालय

प्रदेशको अधिकार : प्रदेश विश्वविद्यालय, उच्च शिक्षा, पुस्तकालय र संग्रहालय

स्थानीय तहको अधिकार : आधारभूत र माध्यमिक शिक्षा

संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार : शिक्षा, खेलकूद र पत्रपत्रिका

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षा सञ्चालनका लागि विभिन्न २३ वटा अधिकार तथा कार्यक्षेत्र तोकेको छ।

स्थानीय सरकारका अधिकार तथा कार्यक्षेत्र

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन
- प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुमगन, मूल्याङ्कन र नियमन
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुमगन तथा नियमन
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन
- गाँउ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
- विद्यालयको नामकरण
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
- सामुदायिक विद्यालय शिक्षक एवम् कर्मचारीको दरवन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन र नियमन
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
- निशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन

- ट्यूसन, कोचिङगजस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
- स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण
- स्थानीय पुस्तकालय र बाचनालयको सञ्चालन तथा व्यवस्थापन
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुमगन, क्षमता विकास
- शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता विकास
- अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

नमुना शिक्षा नियमावली

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले गाँउपालिका र नगरपालिकासम्बन्धी नमुना शिक्षा नियमावलीको तर्जुमा गरेको छ। यसै नियमावलीमा आधारित रहेर आफूलाई आवश्यक पर्ने नियम वा कार्यविधि बनाउन सक्ने भनी हरेक स्थानीय तहलाई स्थानीय विकास मन्त्रालयले नियमावलीको मस्यौदा उपलब्ध गराएको छ।

नमुना शिक्षा नियमावलीका प्रावधान

- विद्यालय खोल्न बडा समितिको सिफारिस लिई गाउँ र नगर कार्यपालिकाको कार्यालयसमक्ष निवेदन दिनुपर्ने हुन्छ।
- गाउँ कार्यपालिका, नगर कार्यपालिका, कार्यकारी अधिकृत, शिक्षा अधिकृत तथा निरीक्षकको काम, कर्तव्य र अधिकार तोकिएको छ।
- गाउँ र नगरपालिका शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठकसम्बन्धी कार्यविधि तय गरिएको छ।
- कक्षा ५ र कक्षा ८ को परीक्षा सञ्चालन कार्यपालिकाबाट स्वीकृत मापदण्डबमोजिम परीक्षा सञ्चालन तथा समन्वय समितिले सञ्चालन गर्नुपर्ने हुन्छ।
- नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका वा नगरपालिकाबाट सामुदायिक विद्यालयलाई उपलब्ध गराइने रकम गाउँ र नगर कार्यपालिकाले विद्यालय सञ्चित कोषमा पठाउनुपर्ने हुन्छ।
- कार्यपालिकाले शिक्षा समितिको सिफारिसमा कार्यविधि बनाई विद्यालय गाभ्न सकिनेछ। विद्यालय गाभ्ने आधार औचित्यपूर्ण नदेखिएमा स्थानीय शिक्षा शाखाको सिफारिसमा कार्यपालिकाले विद्यालयको माथिल्लो तह वा कक्षा घटाउन सक्नेछ।

आर्थिक अधिकारको प्रयोग

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहले आफ्नो आर्थिक अधिकारसम्बन्धी विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने व्यवस्था गरेको छ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोबारको आधारमा व्यवसाय कर लगाउन पाउने अधिकार दिइएको छ।